# एजेन्सी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

श्रीमान् महानिर्देशक ज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
वाणिज्य विभाग,
.................... ।

विषय: एजेन्सी दर्ता बारे ।

महोदय,

म/हामीले श्री ५ को सरकार ................................मा ....................... नम्बर मा दर्ता रहेको प्रा.फर्म/साझेदारी फर्म/प्रा.लि./क.लि. ............................ फर्म संग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको कागजातहरू तथा अन्य आवश्यक कागजातहरू यसैसाथ पेश गरेको छु/छौं । उक्त फर्मको एजेन्ट भै काम गर्दाको शर्तनामा अनुसारको शर्त वा भाउमा कुनै फेरबदल भएमा सो को सूचना तुरुन्तै गर्ने छु/छौं । नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी ( संशोधन र एकिकरण) नियमहरू,२०१९ अनुसार आफुले लिएको एजेन्सीका मालहरू आएको, बिक्री भएको मौज्दात रहेको तथा तीनको दर भाउको फाटंवारी ३/३ महिनामा त्यस विभागमा पेश गर्नुको साथै माल विक्री गर्दा वा काम गर्दा आफुले पाएको कमिशन रिवेट श्री ५ को सरकारबाट तोकी दिएको भन्दा बढी मुनाफा नलिई विक्री गर्ने वा काम गर्ने छु/छौं । मेरो हाम्रो नाउंमा एजेन्सी दर्ता गरी पाउं लेखिएका व्यहोरा कुनै कुरा झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

१. एजेन्सी दिने फर्मको नाम(नेपालीमा):
२. एजेन्सी दिने फर्मको नाम(अंग्रेजीमा ठूलो अक्षरमा):
३. एजेन्सी दिने फर्मको ठेगाना:
४. एजेन्सी पाउनेको नाम(नेपालीमा):
५. एजेन्सी पाउनेको नाम(अंग्रेजी अक्षरमा):
६. एजेन्सी पाउनेको ठेगाना (ब्लक नं टेलिफोन नं सहित):
७. एजेन्सी पाएको मुल्य माल बस्तुको नाम:
८. एजेन्सी पाएको ईलाका:
९. एजेन्ट वा एजेन्सीको धनी/धनीहरूको नाम:

निवेदक,

लेखात्मक सही:
रेखात्मक सही:

दायां बायां

# कबुलियतनामा

---

लिखितम्

आगे तपसिल बमोजिम एजेन्सी पाएकोले रजिष्टर गर्ना निमित्त विवरण खुलाई यस विभागमा दरखास्त दिएको सो एजेन्सीको रजिष्टर गर्ने ऐन, नियम बमोजिम नियम पालना गर्न सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ छैन भनी यस विषयमा वाणिज्य विभागबाट सोधनी गर्दा मेरो चित्त बुझ्यो । यसमा ऐन रूल नियम अनुसार तपसील लेखिए बमोजिम नियम पालन गर्न मन्जुर छ, पालना गर्नेछु । कथमकदाचित रूल नियम पालन नगरी उल्लंघन गरेमा ऐन रूल नियम पालना नगरेको ठहरी सजाय पाउने भएकोमा पछि कुनै कुराको उजूर गर्ने छैन भनी मनोमान खुसीराजीसंग कबुलियतनामा लेखी श्री ५ को सरकार वाणिज्य मन्त्रालय बाणिज्य विभागमा चढाएं ।

१. एजेन्सी दिने कम्पनीको नाम ..................................................................
२. ऐजेन्सी पाएको मालको छोटकरी विवरण ................................................
३. एजेन्सीको ईलाका ..........................................................................

पालना गर्नु पर्ने नियमहरू:

क) जुनसालमा सो एजेन्सी रजिष्ट्रर्ड गरिएको हो सो सालको चैत्र मसान्तमा मात्र रजिष्टर बहाल रहने हुनाले अवधि समाप्त हुन भन्दा अगाडि ऐन रूल नियम बमोजिम दस्तुर तिरी पुन: नवीकरण गराउने छु ।
ख) आफुले गरेको कारवाहीको फाटंवारी अनुसूची २ बमोजिम फर्ममा भरी प्रत्येक ३/३ (तीन/तीन) महिनामा यस विभागमा पेश गर्नेछु ।
ग) यस सम्बन्धित नियमको कुनै कुरा उल्लेख गरेमा पेश गरेमा फाटंवारीमा कुनै कुरा झुट्ठा लेखेमा कानून बमोजिम सजाय सहनेछु ।
घ) यस विषयमा १४।१२।२३ मा नेपाल बजेटमा प्रकाशित एजेन्सी रजिष्ट्रेशन ऐनमा उल्लिखित कुराहरू प्रति पालन गर्नेछु । साथै यस सम्बन्धी अरू कुरा रूल नियम निस्केमा सो समेत पालना गर्न तयार रहने छु ।
ङ) माल विक्री गर्दा आफुले पाएको कमिशन रिवेट र श्री ५ को सरकारबाट तोकिदिए भन्दा बढ्ता मुनाफा नलिई विक्री गर्नेछु ।

ईति सम्बत् २०६ साल महिना गते रोज शुभम

सही

दा. बा.